नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

सिंहदरबार, काठमाण्डौं

प.सं.:२०७६/७७
च. नं.: १८८

मितिः ७६/०९/०६

श्री सूचना प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

**विषयः वेवसाइटमा अपलोड गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको प.सं. ०७६/७७, च.नं. ५१५, मिति २०७६/०९/०२ गतेको पत्रको साथमा प्राप्त आ.व. २०७७/७८ का सूचना यसै पत्रसाथ संलग्न छ । सो सूचना यस मन्त्रालयको वेवसाइटमा अपलोड गरिदिनुहुन अनुरोध छ ।

(शान्ति पौडेल)
शाखा अधिकृत

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

## आ. व. २०७७/७८ का लागि प्रदेश र स्थानीय तहमा समपूरक तथा विशेष अनुदान बाँडफाँट गर्ने आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०७६/०९/०२**

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०७६) तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०७६) मा व्यवस्था भए बमोजिम प्रदेश र स्थानीय तहबाट आ.व.२०७७/७८ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि समपूरक तथा विशेष अनुदान माग गर्ने आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरु तयार गरी २०७६ पौष मसान्त भित्र अनलाईन मार्फत् राष्ट्रिय योजना आयोगमा पठाउनु हुन सबै प्रदेश तथा स्थानीय तहलाई यो सूचना जारी गरिएको छ। प्रस्ताव पेश गर्दा प्रदेश तहको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट पेश गर्नु पर्नेछ। आयोजना प्रस्ताव सम्बन्धी शर्त तथा अन्य आवश्यक कागजात र विवरणको जानकारीको लागि वेवसाइटमा गई आवश्यक सूचना तथा फाईलहरु समेत उक्त लिंकबाट डाउनलोड गर्न सकिनेछ। समपूरक तथा विशेष अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्न अनलाईन प्रणालीमा लग-इन गर्ने प्रक्रिया यस प्रकार रहेको छ।

- प्रदेशहरुको लागि लग-इन गर्न आवश्यक पर्ने विवरणहरु राष्ट्रिय योजना आयोगबाट यस अगाडि प्रदान गरिसकिएकैछ। यस सम्बन्धी वेवसाइट **www.msgrants.gov.np** मा गई समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिंक खोल्ने र उक्त विवरणहरु भरी पेश (Submit) गर्ने।
- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाको लागि समेत लग-ईन गर्ने विवरणहरु यस अगाडि प्रदान गरिसकिएकैछ। यस सम्बन्धी वेवसाइट **www.msgrants.gov.np** मा गई समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिंक खोल्ने र उक्त विवरणहरु भरी पेश (Submit) गर्ने।

यस सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगको टेलिफोन नं. ०१-४२१११५८ मा र इमेल मार्फत् समपूरक अनुदानको लागि **mgrant@npc.gov.np** र विशेष अनुदानको लागि **sgrant@npc.gov.np** मा सम्पर्क गर्न सकिनेछ। साथै यस सम्बन्धी कार्यविधिहरु राष्ट्रिय योजना आयोगको वेवसाइट **www.npc.gov.np** बाट समेत प्राप्त गर्न सकिनेछ।